**आ.व. ०७८/७९ को तेस्रो बैठक**

आज मिति २०७८ साल मंसिर १७ गते शुक्रबारका दिन पाथीभरा याङ्वरक गाउँपालिकाका अध्यक्ष श्री **केशर कुमार सुब्बा** ज्यूको अध्यक्षतामा तपसीलमा उल्लेखित सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी निम्न निर्णयहरु गरियो।

उपस्थिति:

| क्र.स. | नामथर | पद | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री केशर कुमार सुब्बा | अध्यक्ष | ९८४२६६०११९ | |
| २ | श्री रनमाया गुरुङ | सदस्य | ९८४२६६००८४ | |
| ३ | श्री जीवन राज खिम्दिङ | सदस्य | ९८६२७७१४२८ | |
| ४ | श्री ज्ञान प्रसाद दाहाल | सदस्य | ९८०७९३४७८९ | |
| ५ | श्री भीम बहादुर बस्नेत | सदस्य | ९८४०९९४०३१ | |
| ६ | श्री चन्द्रमान खोयाहाङ | सदस्य | ९८४२६५१३७६ | |
| ७ | श्री तारामान साम्सोहाङ | सदस्य | ९८४९९४७५५२ | |
| ८ | श्री दुर्गा प्रसाद थेवे | सदस्य | ९८१८१४७३३६ | |
| ९ | श्री गीता राई | सदस्य | ९८६१८०९२३९ | |
| १० | श्री धनकुमारी बि.क. | सदस्य | ९८४५६०९९३९ | |
| ११ | श्री सीतादेवी बि.क.(लामगादे) | सदस्य | ९८४५४५१०६० | |
| १२ | श्री तेज बहादुर नेपाली | सदस्य | ९८०८१६९२३१ | |
| १३ | श्री जसमाया माङ्युङ | सदस्य | ९८१७९८६९७८ | |
| १४ | श्री कमला भण्डारी (थेवे) | सदस्य | ९८१४९६०२३८ | |
| १५ | श्री गोविन्द रिजाल | सदस्य-सचिव | ९८५२६४४४३३ | |

अन्य

इन्जिनियर श्री नरेन्द्र श्रेष्ठ

शिक्षा अधिकृत श्री लासाङ तामाङ

रोजगार संयोजक श्री इक्साहाङ सुब्बा

सहायक पाँचौ श्री शिव कुमार काम्बाङ

का.स. श्री धन बहादुर बुढाथोकी

दिपक राई (वडा सदस्य) -

प्रस्तावहरु:

१. आ.व. ०७७।०७८ को बेरुजुको प्रारम्भिक प्रतिवेदनको जानकारी सम्बन्धमा ।
२. कार्यविधिहरु पारित गर्ने सम्बन्धमा ।
३. कोभिडको राहत सम्बन्धमा।
४. प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा।
५. मर्मत संभारको रकम भुक्तानी सम्बन्धमा।
६. सडक बोर्डको रकम साझेदारी सम्बन्धमा।
७. गाउँपालिकाअन्तर्गत रिक्त रहेका प्राविधिक कर्मचारीहरु व्यवस्थापन सम्बन्धमा।
८. फावाखोला पुलको म्याद थप सम्बन्धमा।
९. डुम्रिसे स्वास्थ्य चौकीमा वर्थिङ सेन्टर स्थापना गर्ने सम्बन्धमा।
१०.स्वास्थ्य विमा कार्यक्रमको कार्यविधि निर्माण सम्बन्धमा।
११.५ नं. वडाको जग्गा खरिद गर्ने सम्बन्धमा।
१२.IEE को लागि ठाउँ पहिचान गर्ने सम्बन्धमा।
१३.फाक्से कात्तिके खानेपानी योजनाको PQ सम्बन्धमा।
१४.खहरे खानेपानी योजना अन्तर्गत थप १५ धाराको लागि रकम सम्बन्धमा।
१५.DPR सम्बन्धमा।
१६.Digital Village Profile सम्बन्धमा।
१७.पुलको DPR गर्न स्थान परिवर्तन गर्ने सम्बन्धमा।
१८.राष्ट्रिय परिचय पत्रको विवरण संकलन गर्दा वडाहरुमा भएको खाजाखानाको खर्च सम्बन्धमा।
१९.किसान सूचिकरण कार्यक्रम सम्बन्धमा।
२०.खेलकुद सम्बन्धमा।
२१. नाका रुगालु सम्बन्धमा।
२२. निर्वाचन कार्यक्रम सम्बन्धमा।
२३. गाउँपालिका खेलकुद व्यवस्थापन सम्बन्धमा।
२४. "किसानहरुको लागि युरिया मल वितरण सम्बन्धी कार्यविधि" सम्बन्धमा।

निर्णयहरु:

निर्णय नं.-१

प्रस्ताव नं.-१ माथी छलफल गर्दा यस पाथीभरा याङवरक गाउँपालिकाको आ.व. ०७७।०७८ को बेरुजुको प्रारम्भिक प्रतिवेदनबारे कार्यपालिकामा लेखा अधिकृत श्री गोविन्द रिजालबाट जानकारी गराइयो ।

निर्णय नं.-२

प्रस्ताव नं.-२ माथी छलफल गर्दा "दुधमा आत्म निर्भर तथा पारिवारिक पोषण सुधारका लागि गाईपालन कार्यक्रम संचालन कार्यविधी, २०७८" र " अण्डामा आत्मनिर्भर तथा पारिवारिक पोषण सुरक्षाका लागि लेयर्स तथा स्थानीय कुखुरापालन संचालन कार्यविधि, २०७८" लाई आवश्यक केहि संशोधन सहित पारित गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

निर्णय नं.-३

प्रस्ताव नं.-३ माथी छलफल गर्दा "कोभिड-१९ को महामारीबाट प्रभावित अतिविपन्न परिवारलाई नगद हस्तान्तरण कार्यविधि, २०७८" मा उल्लेख भएको मापदण्ड अनुरुप कोभिड लागेको व्यक्तीहरुलाई वडाको सिफारिसमा नगद हस्तान्तरण गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

निर्णय नं.-४

प्रस्ताव नं.-४ माथी छलफल गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस आ.व. ०७८/०७९ को लागि श्रम मन्त्रालयबाट कामको लागि पारिश्रमिक र युवा रुपान्तरण पहल आयोजना सञ्चालन गर्न विनियोजित बजेट रु. **१,०५,६५,०००।-** मार्फत १७९ जना सूचीकृत बेरोजगार श्रमिकहरुलाई **१००** दिन बराबरको रोजगारी प्रदान गर्नु भन्ने मन्त्रालयको निर्देशानुसार यस स्थानीय तहका ६ वटै वडा कार्यालयहरुमा देहाय बमोजिमको बजेट र श्रमिक संख्या विभाजन गरी वार्षिक बजेट किताबमा छनौट गरिएका आयोजनाहरु मात्र सञ्चालन गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

देहाय:

| क्र.स. | वडा नं. | बजेट | श्रमिक संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | वडा नं.-१, नाङखोल्याङ | २३०८००० | ४० | |
| २ | वडा नं.-२, थेचम्बु | १८४६४०० | ३२ | |
| ३ | वडा नं.-३, तिरिङ्गे | १६७३३०० | २९ | |
| ४ | वडा नं.-४, डुम्रिसे | १७८८७०० | ३१ | |
| ५ | वडा नं.-५, चाक्सिबोटे | १३२७१०० | २३ | |
| ६ | वडा नं.-६, थुम्वेदिन | १३८४८०० | २४ | |
| | जम्मा | १०३२८३०० | १७९ | |

निर्णय नं.-५

प्रस्ताव नं.-५ माथी छलफल गर्दा वडाबाट विनियोजित मर्मत संभार कोषको बजेटबाट वडा समितिबाट निर्णय गराएर योजना संचालन गर्ने र वडाबाट विनियोजित बजेटले अपुग भएमा गाउँकार्यपालिकाबाट निर्णय गरी संचालन गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

निर्णय नं.-६

प्रस्ताव नं.-६ माथी छलफल गर्दा सडकबोर्ड नेपालको गत आ.व.मा सञ्चालित सुनुवार गोलाई सिम्बेवा मोटरबाटो स्तरोन्नती र हनुमाने डाँडा सडक खण्ड मर्मत तथा स्तरोन्नती योजनामा गाउँपालिकाको साझेदारी बापत गत वर्ष अपुग बजेट क्रमशः रु. २,००,०००।– र रु. १,५०,०००।– (सम्पन्न हुन बाँकी) यो वर्षको खहरे खानेपानी योजनाबाट संशोधन गरि भुक्तानी गर्ने र भुक्तानी भई सकेको योजनाको भुक्तानी अनुमोदन गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

निर्णय नं.-७

प्रस्ताव नं.-७ माथी छलफल गर्दा गाउँपालिका अन्तर्गत रिक्त रहेको प्राविधिक कर्मचारीहरुको (१ इन्जिनियर, २ सब-इन्जिनियर, २ अ.सब-इन्जिनियर र १नायव पशु स्वास्थ्य प्राविधिक) नियमानुसार विज्ञापन गरि करारसेवामा नियुक्ती गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

निर्णय नं.-८

प्रस्ताव नं.-८ माथी छलफल गर्दा फावाखोला मोटरेवल पुलको म्याद थप गरिपाउँ भनि ठेकेदार थेवे/एस.एस. जेभीले गरेको निवेदन उपर वर्षातमा काम नहुने र कोभिडको कारणले निर्माण कार्य सम्पन्न नभएको हुँदा एक पटकको लागि मितिः २०७८ चैत्र मसान्त सम्म सम्झौता अवधि थप गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

निर्णय नं.-९

प्रस्ताव नं.-९ माथि छलफल गर्दा डुम्रिसे स्वास्थ्य चौकीमा वर्थिङ सेन्टर स्थापना गर्नको लागि स्वास्थ्य शाखालाई जिम्मेवारी दिने सर्वसम्मतिले निर्णय गरियो ।

निर्णय नं.-१०

प्रस्ताव नं.-१० माथी छलफल गर्दा यस गाउँपालिकाको लागि स्वास्थ्य विमा कार्यक्रमको कार्यविधि निर्माण गर्नको लागि स्वास्थ्य शाखालाई जिम्मेवारी दिने निर्णय सर्वसम्मतिले पारित गरियो ।

निर्णय नं.-११

प्रस्ताव नं.-११ माथी छलफल गर्दा ५ नं. वडाको लागि जग्गा खरिद गर्ने कार्य सम्पन्न भई रकम भुक्तानी गर्न बाँकी रहेको हुँदा सो रकम भुक्तानी गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

निर्णय नं.-१२

प्रस्ताव नं.-१२ माथी छलफल गर्दा यस गाउँपालिका अन्तर्गत खोला/ खनिजजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा/ दहत्तर बहत्तर) को ठेक्का लगाउने प्रयोजनार्थको लागि प्रारम्भिक वातावरणीय मूल्याङ्कन (IEE) फावाखोला र काबेली खोला अन्तर्गत तपसीलको क्षेत्रहरुमा गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

<u>तपसीलः</u>

टारी, आम्बोटे, घुमाउने, खिबुना, सिम्सारे र त्रिवेणी आदि ।

### निर्णय नं.-१३

प्रस्ताव नं.- १३ माथी छलफल गर्दा मितिः २०७८।०७।१२ गते हिमालय टाइन्स राष्ट्रिय दैनिकमा प्रकाशित फाक्से-कात्तिके खानेपानी योजनाको बोलपत्र आव्हान भएको र उक्त बोलपत्रमा यसै कार्यपालिकाको पहिलो बैठकमा सो कार्यको बोलपत्रमा PQ सम्बन्धी कागजात भएको भनि गरिएको निर्णय अनुसार ठेक्का आव्हान भई मितिः २०७८।०८।१२ गते उक्त ठेक्का खोली बोलपत्रमा माग गरिएका पुर्व योग्यता सम्बन्धी कागजातहरुको मुल्याङ्कन गर्दा ३ वटा फर्म मात्र उत्तिर्ण भएको र उत्तिर्ण भएका फर्महरुको आर्थिक विश्लेषण गर्दा श्री **गुप प्रा.लि**, काठमाण्डौंले पेश गरेको बोलपत्र रितपुर्वक भई र कबोल अंक न्युन मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही बोलपत्रदाता हुन सफल भएको हुँदा सो फर्मको बोलपत्र स्वीकृत गरि आशयको सूचना निकाल्ने सर्वसम्मतिले निर्णय गरियो ।

### निर्णय नं.-१४

प्रस्ताव नं.-१४ माथी छलफल गर्दा अघिल्लो आ.व. ०७७/०७८ मा संघीय सरकारको विशेष अनुदान अन्तर्गत १ करोड लागतको खहरे खानेपानी आयोजनामा थप २३ वटा धारा र १ वटा रिजर्भ ट्याङ्की निर्माण गर्नुपर्ने भएकोले उक्त आयोजनाको ठेक्काबाट उब्रेको रकमबाट थप आयोजनाकोरुपमा उपभोक्ता समितिको प्रकृयाबाट गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

### निर्णय नं.-१५

प्रस्ताव नं.-१५ माथी छलफल गर्दा यस आ.व. मा तपसील बमोजिमको आयोजनाहरुको DPR गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

<u>तपसील:</u>

१. थेचम्बु खानेपानी आयोजना, वडा नं.-२
२. महादेव स्थल देखि धापपोखरी पर्यटन प्रवर्द्धन आयोजना, वडा नं. २ र ३
३. मेखावा खानेपानी आयोजना, वडा नं.-१
४. वडा नं. २ र ३ को वडा कार्यालय भवन,
५. कात्तिके आ.वि., वडा नं.-५
६. मौवाखोला खानेपानी वडा नं. ६

### निर्णय नं.-१६

प्रस्ताव नं.-१६ माथी छलफल गर्दा यस गाउँपालिकाको Digital Village Profile निर्माण गर्नको लागि सूचीकृत भएका फर्महरुबाट आर्थिक र प्राविधिक प्रस्ताव आव्हान गरी तयार गर्ने निर्णय सर्वसम्मतिले निर्णय गरियो ।

### निर्णय नं.-१७

प्रस्ताव नं.-१७ माथी छलफल गर्दा चालु आ.व. ०७८/०७९ मा संघीय सरकारको सशर्त अनुदान अन्तर्गत यस पाथीभरा याङवरक गाउँपालिकाको **वडा नं. २ र ४ जोड्ने फावाखोला मोटरेबल पुल निर्माण (DPR समेत)** को लागि भनि विनियोजित भएको बजेट रु. २० लाखको शिर्षकलाई यस पाथीभरा याङकवरक गाउँपालिका अन्तर्गत वडा नं.-२ को

खिबुना र पाँचथर जिल्ला हिलिहाङ गाउँपालिकाको वडा नं.-२ जोड्ने काबेली खोलामा मोटरेबल पुल निर्माण (DPR समेत) भनि शिर्षक परिवर्तन गर्ने र सो को लागि भौतिक पुर्वाधार मन्त्रालय, सिंहदरबार, काठमाण्डौंमा सिफारिस गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

निर्णय नं.-१८

प्रस्ताव नं.-१८ माथी छलफल गर्दा राष्ट्रिय परिचय पत्रको विवरण संकलन गर्दा वडाहरुमा भएको खाजाखानाको खर्च वापतको रकम गाउँसभाले विनियोजन गरेको विविध खर्च शिर्षकबाट व्यहोर्ने सर्वसम्मतिले निर्णय गरियो ।

निर्णय नं.-१९

प्रस्ताव नं.-१९ माथी छलफल गर्दा किसान सूचीकरण कार्यक्रम अन्तर्गत यस गाउँपालिका भित्र रहेका किसानहरुको सूचीकरण १ नं. वडाबाट क्रमशः गर्दै जाने सर्वसम्मतिले निर्णय गरियो ।

निर्णय नं.-२०

प्रस्ताव नं.-२० माथी छलफल गर्दा यो आ.व.को लागि सम्पुर्ण खेलकुद आयोजना गर्न प्रत्येक वडालाई रु.५०,०००।– का दरले रकम उपलब्ध गराउने गराउने साथै मैयाखोला गाउँपालिका, ताप्लेजुङमा मितिः २०७८/०८/२४ गते देखि मितिः २०७८/०८/२६ गते सम्म सञ्चालित प्रथम अध्यक्ष रनिङ कप अन्तरपालिका स्तरीय पुरुष भलिबल प्रतियोगितामा ५ नं. वडाका वडाध्यक्ष श्री तारामान साम्सोहाङको संयोजकत्वमा खेलमा सहभागीता जनाउने सर्वसम्मतिले निर्णय गरियो ।

निर्णय नं.-२१

प्रस्ताव नं.-२१ माथी छलफल गर्दा कोभिडको समयमा १ नं. वडाको नाकाहरुमा राखेको नाका रुगालुहरुको पारिश्रमिक प्रकोप व्यवस्थापन कोषबाट व्यहोर्ने सर्वसम्मतिले निर्णय गरियो ।

निर्णय नं.-२२

प्रस्ताव नं.-२२ माथी छलफल गर्दा निर्वाचन आयोगद्वारा मितिः २०७८/०८/२९ गते देखि मितिः २०७८/०९/०९ गते सम्म यस गाउँपालिकामा सञ्चालन हुने मतदाता नामावली संकलन विशेष कार्यक्रम, २०७८ को सम्बन्धमा कार्यपालिकामा जानकारी गराउदै सम्पुर्ण वडामा सूचना सम्प्रेषण गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

निर्णय नं.-२३

प्रस्ताव नं.-२३ माथी छलफल गर्दा खेलकुद सम्बन्धी सम्पुर्ण व्यवस्थापन र संयोजनको लागि वडा नं.-५ को वडाध्यक्ष श्री तारामान साम्सोहाङलाई जिम्मेवारी दिने सर्वसम्मतिले पारित गरियो ।

निर्णय नं.-२४

प्रस्ताव नं.-२४ माथी छलफल गर्दा **"किसानहरुको लागि युरिया मल वितरण सम्बन्धी कार्यविधि"** निर्माणको लागि कृषि शाखालाई जिम्मेवारी दिने र पछिल्लो कार्यपालिकाको बैठकमा पारित गर्ने सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

**आ.व. ०७८/७९ को चौथो बैठक**

आज मिति २०७८ साल पौष १२ गते सोमबारका दिन पाथीभरा याङ्वरक गाउँपालिकाका अध्यक्ष श्री **केशर कुमार सुब्बा** ज्यूको अध्यक्षतामा तपसीलमा उल्लेखित सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी निम्न निर्णयहरु गरियो।

**उपस्थिति:**

| क्र.स. | नामथर | पद | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री केशर कुमार सुब्बा | अध्यक्ष | ९८४२६६०११९ | |
| २ | श्री रनमाया गुरुङ | सदस्य | ९८४२६६००८४ | |
| ३ | श्री जीवन राज खिम्दिङ | सदस्य | ९८६२७७१४२८ | |
| ४ | श्री ज्ञान प्रसाद दाहाल | सदस्य | ९८०७९३४७८९ | |
| ५ | श्री भीम बहादुर बस्नेत | सदस्य | ९८४०९९४०३१ | |
| ६ | श्री चन्द्रमान खोयाहाङ | सदस्य | ९८४२६५१३७६ | |
| ७ | श्री तारामान साम्सोहाङ | सदस्य | ९८४९९४७५५२ | |
| ८ | श्री दुर्गा प्रसाद थेवे | सदस्य | ९८१८१४७३३६ | |
| ९ | श्री गीता राई | सदस्य | ९८६१८०९२३९ | |
| १० | श्री धनकुमारी बि.क. | सदस्य | ९८४५६०९९३९ | |
| ११ | श्री सीतादेवी बि.क.(लामगादे) | सदस्य | ९८४५४५१०६० | |
| १२ | श्री तेज बहादुर नेपाली | सदस्य | ९८०८१६९२३१ | |
| १३ | श्री जसमाया माङ्युङ | सदस्य | ९८१७९८६९७८ | |
| १४ | श्री कमला भण्डारी (थेवे) | सदस्य | ९८१४९६०२३८ | |
| १५ | श्री प्रमोद कुमार चौधरी | सदस्य-सचिव | ९८५२०५५५८४८ | |

**अन्य**

लेखा अधिकृत श्रीगोविन्द रिजाल

इन्जिनियर श्री नरेन्द्र श्रेष्ठ

सहायक पाँचौ श्री शिव कुमार काम्बाङ

का.स. श्री धन बहादुर बुढाथोकी

प्रस्तावहरुः

१. रिक्त रहेका प्राविधिक कर्मचारी पदपुर्ति सम्बन्धमा।
२. हिउदैं गाउँसभा सम्बन्धमा ।
३. सुरक्षित नागरिक आवास कार्यक्रम सम्बन्धमा।
४. आय-व्ययको प्रक्षेपण सम्बन्धमा।
५. समपुरक र विशेष अनुदान सम्बन्धमा।
६. उत्कृष्ट कर्मचारी पुरस्कार तथा सम्मान् सम्बन्धमा।
७. जिम्मेवारी बाँडफाड सम्बन्धमा।

निर्णयहरुः

निर्णय नं.-१

प्रस्ताव नं.-१ माथी छलफल गर्दा यस गाउँपालिकामा अन्तर्गत रिक्त रहेका प्राविधिक (इन्जिनियरिङ सेवा तर्फ) कर्मचारीहरु पदपूर्ति गर्न १५ (पन्ध्र) दिने सार्वजनिक सूचना आव्हान गरी करारमा तपसीलका कर्मचारीहरु पदपूर्ति गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

तपसीलः

१. इन्जिनियर-१ जना

२. सब-इन्जिनियर-२ जना

३. अ.सब-इन्जिनियर-३ जना

निर्णय नं.-२

प्रस्ताव नं.-२ माथी छलफल गर्दा आ.व. ०७८/०७९ को हिउँदे गाउँसभा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा-१९ बमोजिम सामान्यतया वर्षमा २ पटक सभा गर्नुपर्ने कानूनी व्यवस्था बमोजिम मितिः २०७८/०९/२८ गते बुधबार गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

निर्णय नं.-३

प्रस्ताव नं.-३ माथी छलफल गर्दा आ.व. ०७८/०७९ को लागि यस गाउँपालिका अन्तर्गत २३० जना घरपरिवारलाई "सुरक्षित नागरिक आवास कार्यक्रम"मा समावेश गर्ने र सो अन्तर्गत विभिन्न वडाहरुलाई तपसील बमोजिमको बाँडफाँड गर्ने निर्णय गरियो ।

तपसीलः

| क्र.स. | वडा नं. | घरधुरी संख्या | कैफियत |
|---|---|---|---|
| १ | १ | ५० | |
| २ | २ | ५० | |
| ३ | ३ | ३३ | |
| ४ | ४ | ३३ | |
| ५ | ५ | ३१ | |
| ६ | ६ | ३३ | |
| जम्मा | | २३० | |

निर्णय नं.-४

प्रस्ताव नं.-४ माथी छलफल गर्दा अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १८ बमोजिम आगामी आ.व. को आय-व्ययको प्रक्षेपण गरी पौष मसान्त भित्र अर्थ मन्त्रालय तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पेश गर्ने कानूनी व्यवस्था बमोजिम यस गाउँपालिकाको तपसील बमोजिम आ.व. ०७८/०७९ को आय-व्ययको प्रक्षेपण गरी सम्बन्धित निकायमा पठाउने सर्वसम्मतिले निर्णय गरियो ।

तपसीलः

१. व्ययको अनुमान,

२. आफ्नो श्रोतबाट संकलन हुनसक्ने अनुमानित राजश्व,

३. राजश्व बाँडफाँडबाट प्राप्त हुनसक्ने अनुमानित रकम,

४. अनुदानबाट प्राप्त हुनसक्ने अनुमानित रकम,

५. बजेट घाटा पुर्ति गर्न आवश्यक पर्ने अनुमानित रकम र त्यसको स्रोत ।

निर्णय नं.-५

प्रस्ताव नं.-५ माथी छलफल गर्दा प्रदेश र स्थानीय तहमा आ.व. २०७९/०८० का लागि संघीय समपुरक अनुदान र विशेष अनुदान अन्तर्गत संचालन गरिने आयोजना/ कार्यक्रमका लागि मितिः २०७८/०८/२४ मा प्रकाशित सूचना बमोजिम समपुरक अनुदान सम्बन्धी कार्यविधि, (तेस्रो संशोधन), २०७७ र विशेष अनुदान सम्बन्धी कार्यविधि (तेस्रो संशोधन), २०७७ मा व्यवस्था भए बमोजिम २०७८ पौष मसान्त भित्र आयोजना/कार्यक्रमको विद्युतीय (अनलाइन) प्रणाली मार्फत आव्हान गरिएको हुँदा तपसीलका आयोजना/कार्यक्रम छनौट गर्ने सर्वसहमतिबाट निर्णय गरियो ।

तपसीलः

१. समपुरक अनुदान तर्फः
   - पाथीभरा याङवरक गाउँपालिका वडा नं.-२ र ५ जोड्ने फावाखोला मोटरेबल पुल

२. विशेष अनुदान तर्फः
   - मैदाने खानेपानी आयोजना पाथीभरा याङवरक गाउँपालिका वडा नं.-१

निर्णय नं.-६

प्रस्ताव नं.-६ माथी छलफल गर्दा यस गाउँपालिका अन्तर्गत कार्यरत कर्मचारीहरु मध्ये उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीहरुलाई २०७८/०९/२८ गतेको गाउँसभामा पुरस्कार तथा सम्मान गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

निर्णय नं.-७

प्रस्ताव नं.-७ माथी छलफल गर्दा यस गाउँपालिका तथा वडामा रिक्त रहेका पदहरुमा देहाय बमोजिमको कर्मचारीहरुलाई थप जिम्मेवारी प्रदान गर्ने सर्वसम्मतिबाट निर्णय गरियो ।

देहायः

| क्र.स. | नामथर | पद | थप जिम्मेवारी दिएको शाखा/वडा | कैफियत |
|---|---|---|---|---|
| १ | संजीव राई | कम्प्युटर अपरेटर | १ नं. वडाको वडा सचिव | |
| २ | रामकला कार्की | सहायक पाँचौ | ३ नं. वडाको वडा सचिव | |
| ३ | सृजना गौतम | सहायक चौथो | ४ नं. वडाको वडा सचिव | |
| ४ | भवानी प्रसाद खतिवडा | अ.स.ई. | ६ नं. वडाको वडा सचिव | |
| ५ | इक्साहाङ सुब्बा | रोजगार संयोजक | योजना शाखा | |
| ६ | केशव पौडेल | एम.आई.एस फिल्ड सहायक | आन्तरिक प्रशासन शाखा | |